# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

**RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्था

Butwal-10, Kalikanagar, Rupandehi, Ph: 071-438513, 419013

Website: www.rsdcmf.com, Email: info@rsdcmf.com


## सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/१२/२६)

यस संस्थाको स्वामित्वमा रहेको तपशिल बमोजिमको सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छूक व्यक्ति, संघ संस्था वा फर्म कम्पनीहरुले यस संस्थाको केन्द्रीय कार्यालयको सामान्य प्रशासन बिभागमा सम्पर्क गरी तोकिएको शर्तहरुको अधिनमा रहि यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ।

| क्र.सं. | सवारीको नाम | सवारी रहेको साधन | बनेको साल | दर्ता नं. |
|---|---|---|---|---|
| १. | Honda Unicorn 149cc | कालिकानगर, बुटवल | २०१३ | लु. १६.प.५०६७ |

**शर्तहरु :**

१.बोलपत्र फारम व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म तथा संस्थाको हकमा त्यस्तो फर्म वा संस्थाको दर्ता प्रमाणपत्र र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि यस संस्थाको केन्द्रीय कार्यालयमा बुझाई खरिद गर्नुपर्नेछ।

२.यस संस्थाबाट खरिद गरेको बोलपत्र फारममा सकार गर्न चाहेको सवारी साधनको विवरण, आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी शिलबन्दी गरी दाखिल गर्नु पर्नेछ। फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुनेछैन।

३.बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ। सच्याइएको वा केरमेट गरेको हकमा बोलपत्रदाताको हस्ताक्षर हुनुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

४.बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम यस संस्थाको नाममा account Payee चेक बनाई संस्थाको केन्द्रीय कार्यालयमा बोलपत्रका साथ पेश गर्नुपर्नेछ। अस्वीकृत बोलपत्रको धरौटी रकम बोलपत्र सम्वन्धी आवश्यक प्रकृया पुरा भए पश्चात फिर्ता गरिनेछ।

५.यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयभित्रै (सो दिन सार्वजनीक बिदा परेमा सो लगतै कार्यालय खुलेको दिन) बोलपत्रदर्ता गराई सक्नुपर्नेछ। प्राप्त बोलपत्रहरु मिति २०७८ बैशाख २ गतेका दिन बिहान ११:०० बजे संस्थाको बुटवल, कालिकानगर स्थित केन्द्रीय कार्यालयमा बोलपत्रदाता र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही समय र स्थानमा बोलपत्रहरु खोलिनेछ।

६.बोलपत्रवालाले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र आफुले कबोल गरेको सम्पुर्ण रकम बुझाई सवारी साधन आफ्नो नाममा नामसारी गर्न सक्नेछ। सकार गरी लिंदा लाग्ने सम्पुर्ण सरकारी दैदस्तुर, कर शुल्क बोलपत्रवालाले आफैं व्यहोर्नु पर्नेछ।

७.बोलपत्र दाखिला गरिसकेपछी बोलपत्र स्वीकृत/अस्वीकृत बारे संस्थाबाट टुंङ्गो नलागे सम्म बोलपत्रदाताले आफुले कवोल गरेको रकम इन्कार गर्न पाइने छैन। इन्कार गरेमा धरौटी रकम स्वतःजफतहुनेछ।

८.अन्य थप कुनै कुरा बुझ्नु पर्ने भएमा वा सवारी साधन हेर्न चाहेमा यस संस्थाको बुटवल, कालिकानगर स्थित केन्द्रीय कार्यालयको सामान्य प्रशासन विभागमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा बुझ्न सकिनेछ।

९.बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ।